
# मेस हल




गेलेक्सी एक्सप्रेस

भी बी एस

स्नैक स्टेशनको निम्ति पर्ची




# मेस हल
## चिया खाजा




दिन १

## रोबोटहरू

क्राकरबाट शुरू गर्नुहोस्, एउटा कागजमा क्रैकर को वरि परि रोबोटको नक्सा बनाउनुहोस्, अनि क्राकरमाथि मिठाईहरू राख्नुहोस्।
अथवा, चिज क्रीमलाई लिनुहोस र सानो–सानो टुक्रा पारेको सब्जीमा टाँस्नुहोस्। कागजमा बनाएको रोबोटद्वारा शुरू गर्दा पनि हुन्छ।



## तथ्यहरू (खाजाको समयमा छलफल गर्नलाई केही अंतरिक्ष अनुप्रयोग)

## दूर्बिनहरू

दूर्बिनहरू अचम्भका चिजहरू हुन्। यसद्वारा हामी सर्वत्र ब्रह्माण्डलाई देख्नसक्छौं। पृथ्वीबाट, हाम्रो आँखा द्वारा ग्रहहरु अथवा चन्द्रमालाई सारै रामरी देख्न सक्दैनौ। तिनीहरु आकाशमा हजरौ साना बिन्दुहरु जस्तै देखिन्छ तर दुर्बिनको सहायता द्वारा हामीले तिनीहरुलाई नजिकमा देख्न सक्छौ। हामीले ग्रहका गर्त, आकाशगंगा र अन्य रोचक कुराहरु पनि देख्न सक्छौ। उहाँको हातमा दूरबिन भएजस्तै संसारका हजारौं मानिसहरूको घुइँचोको माझमा परमेश्वरले हामीलाई देख्नुहुन्छ।

दिन २

## मोथाको जलि रहेको पोथ्रा

ब्रोकोली सानो हरियो पोथ्रा जस्तै देखिन्छ, अनि यसलाई मोशाले देखेको जलि रहेको पोथ्राको रूपमा प्रयोग गर्न सकिन्छ।
फूलकोपि पनि साना–साना रूखहरूजस्तो देखिन्छ। तिनीहरूलाई केचअपमा डुबायौं भने आगोको ज्वाला जस्तो देखिन्छ अथवा पिरो सस्मा डुबाउँदा सनसनी अनुभव हुनसक्छ!







## अचम्भको आकार

परमेश्वरले हाम्रो नाम जान्नु भएको र हामीलाई प्रेम गर्नु भएको कारण हामी आफैलाई संसारमा ठूलो र महत्वपूर्ण लाग्न सक्छ। जसरी पृथ्वी भेनस्, मार्स्, मर्क्युरी र प्लुटोको अघि ठूलो देखिन्छ। (पोस्टर २ देखाउनुहोस्) तर पृथ्वीलाई जब जूपिटर, सेटर्न, यूरानस र नेप्टयुनसँग तुलना गरिन्छ तब यो सानो लाग्छ। तुलन गरे पनि यो सानै जस्तो लाग्छ। (पोस्टर ३ देखाउनुहोस्) अब विश्वका यी रहल पोस्टरहरूलाई हेर (पोस्टर ४–६ देखाउनुहोस्)। यो सर्वत्र ब्रह्माण्डमा परमेश्वरले तिमीलाई भेट्टाउनु हुनेछ अनि उहाँले तिम्रो नाम जान्नुहुन्छ, तरैपनि जब उहाँले बोलाउनुहुन्छ, तिमीले उत्तर दिनुपर्छ। तिमी आफैलाई ठूलो सम्झन सक्छौ, तर सम्पूर्ण ब्रह्माण्डमा तिमी वास्तवमा एकदमै सानो छौ।




India.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali









## दिन ३

# विपत्तिहरू

थुप्रै कुराहरू मिसाएर कसरी भ्यागुता बनाउने हो सो विद्यार्थीहरूलाई सिकाउनुहोस्। त्यसको शरीर बनाउनलाई एउटा सानो कुकिस् अथवा स्याऊ को प्रयोग गर्नुहोस्। हरियो अंगुर अथवा सिल्लरीको खुट्टा बनाउन सकिन्छ। आँखाको निम्ति मिठाईह, किश्मीश चॉक्लेटको टुक्रा मार्शमालौमा हालेर प्रयोग गर्न सकिन्छ। गाजरको सानो टुक्राले जिब्रो बनाउन सकिन्छ। नानीहरू आफैलाई आफ्नो इच्छा अनुसारको भ्यागुता बनाउन दिनुहोस्।

यसो पनि गर्न सकिन्छ: रगतमा परिवर्तन भएको पानी दिनको निम्ति, एउटा कालो भाँड़ाको फेद्मा अघिबाटै रातो रंगको कुनै पिउने कुराको धुलो हाल्नुहोस्। विद्यार्थीहरूले हेरि रहेको बेलामा एउटा वार–पार देखिने जगबाट त्यस भाँड़ामा पानी खन्याउनुहोस्। त्यसलाई चलाएपछि पानी रातो हुनेछ।

# हलचल गर्नु

परमेश्वरले संसारमा हलचल गर्ने प्रबन्ध गर्नुभयो। पृथ्वी एउटा अक्षमा र घामको वरिपरि घुम्ने छ भन्ने कुरा पनि परमेश्वरको शुरु देखिकै योज़ना थियो। तर हामीलाई पृथ्वि घुमेको छ जस्तो लाग्दैन! नानीहरुलाई पहिले एउटै जगाहमा घुम्न लगाउनुहोस् र त्यसपछि घुम्दा घुम्दै कक्षाको एक कूना देखि अर्को कूनामा जान लगाउनुहोस। पृथ्वि यसरीनै घुम्ने गरेको भए के हामीलाई हिंड्न गाह्रो हुने थिएन र? परमेश्वरले जसरी संसारमा हलचल गर्ने प्रबन्ध गर्नुभयो, उहाँले हाम्रो जीवनको निम्ति पनि त्यसै गर्नुभयो। जीवनमा परमेश्वरको योजना भन्नाले, कार्य गर्ने पाइलाहरू चाल्नु, जोखिम उठाउनु अनि बाटो जस्तै अपठ्यारो भए तापनि उहाँको आज्ञा पालन गर्नु भन्ने हो। साँचो भन्नु हो भने, हलचल छैन भने हामी छिट्टैनै वाक्कै बन्छौं अनि अरू कुराहरू खोज्न थाल्छौं। पृथ्वि जसरी घुमि रहन्छ, त्यसरीनै परमेश्वरले हामीलाई जीवनमा मार्गदर्शन दिई रहनुहुन्छ। हाम्रो प्रत्ति उत्तर हुनुपर्छ, ''ज्यू प्रभु'' अनि अघि बढनु।

## दिन ४

# बादलको खाँबोहरू


इस्राएलीहरूलाई मरूभूमिमा बादलले बाटो देखाए जस्तै, बादलको निम्ति पप्कर्न् चलाउँदा हुन्छ।

बादलको खाँबो बनाउनको निम्ति एउटा लट्ठीलाई टाँसिने किसिमको रसमा डुबाएर त्यसलाई पप्कर्न् राखेको बोलमा घोच्दा त्यस लट्ठीमा पप्कर्न्को टुक्राहरू टाँसिने छ, जो बादलको खाँबो जस्तो देखिने छ। नानीहरूलाई मज्जाको निम्ति आफ्नै लट्ठीहरू बनाउन दिनुहोस्।



# अंतरिक्ष यान

चन्द्रमालाई देखेको दिनदेखि नै मानिसले यसमा यात्रा गर्ने चाहना गरेको हो। अंतरिक्ष यात्रामा यस अचम्भको विषय वारे सोच्नुहोस: चन्द्रमाको यात्रामा उड़ेको केही बेरमानै यात्रीहरू ''इस्केप भेलोसिटि'' मा पुगेपछि इन्जिनहरू बन्द गरेर उड़छन्। मोटोरहरू बन्द गरिएको कारण यान एकदम छिट्टो दौड़ि रहेको हुन्छ! हाम्रो जीवनमा पनि यस्तै हुन्छ। हामी सोच्छौं कि हामीले धेरै परिश्रम गरेर मात्रै पुग्न पर्ने ठाउँमा पुग्न सक्नेछौं। तर धेरै पल्ट परमेश्वरले हामीलाई पर्खनु लगाउनुहुन्छ, जसरी अंतरिक्ष यान मा यात्रीहरुले पर्खनु पर्छ। हामीले केही नागरी शान्त बसेर परमेश्वरलाई काम गर्न दिनुपर्छ। अंतरिक्ष यात्रीहरुलाई विशाल अंतरिक्षको बीचमा आफ्नो ठूलो रॉकेट बन्ध गर्न कति गाह्रो पर्दो होला.... तर सही गतिमा जादैछौ भन्ने भरोसामा अघि बँडदछ। परमेश्वरले जब हामीलाई पर्खन लगाउनु हुन्छ, हामी सही गतिमा बाडदैछौ भन्ने कुरा जनेर आराम गर्न सक्छौ।





India.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali

दिन ८

## सुक्खा जमीनमाथि समुद्र पार गर्नु

निलो जिल्लाटीन बनाउनुहोस् र यसलाई ठूलो भाँड़ामा सेट् हुनलाई खन्याउनुहोस्। चाहनुभयो भने यसमा माछाको केकर्स अथवा माछा आकारको क्यान्डि, जेल्लो सेट हुन अघिनै मिलाउनुहोस्। बिचको भागलाई हटाउनुहोस् ताकी त्यो चाहिँ इस्राएलीहरुले पार गरेको लाल समुन्द्र बीचको सुखा जमिन हुनेछ।

एउटा डिस्प्ले बनाउनु होस्, तर नानीहरूको निम्ति खान दिनलाई, साना–साना जेल्लो को कपहरू बनाउनु होस्।



## सुपरनोभास्

कतिवटा ताराहरू यति ठूला हुन्छन् अनि धेरै भित्री चाप भएको कारण त्यो चापलाई सहन सक्दैन। यसो हुँदा त्यो तारा स्पेशमा पड्केर साना–साना टुक्राहरू बनिन्छ! वैज्ञानिकहरूले यसैलाई सुपरनोभा भन्ने गर्छन्। इस्राएलीहरूले मृत्यु र कमारोपनाबाट छुट्कारा पाएर लाल समुद्र तरेको दिनमा उनीहरूभित्र पनि यस्तै खुशीको चाप/प्रेसर भरिएको थियो। म यो कल्पना गर्न सक्छु कि उनीहरुलाई बचउनु भयेका परमेश्वर प्रति उनीहरुमा धान्यबादी र आराधनको विस्फोट भएको थियो। सूपरनोवा जस्तै, हाम्रो जीवनमा पनि जब परमेश्वर हाम्रो सहायता गर्न आउनु हुदछ तब हामी उहालाई आराधना, प्रशंसा र धन्यबाद नगरी बस्न सक्दैनौ।

Snacks Galaxy Nepali

13659

India.ChildrenAreImportant.com
info@childrenareimportant.com
We are located in Mexico.
DK Editorial Pro-Visión A.C.

नानीहरू महत्वपूर्ण छन्